# शिवम सिमेन्टस् लिमिटेडको

## पाँचौं वार्षिक (आ. व. २०७६।०७७) साधारण सभा सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित: २०७७/०६/३० गते शुक्रबार**

**श्री शेयरधनी सदस्य महानुभवहरु**

यस शिवम् सिमेन्ट्स लिमिटेड कम्पनीको संचालक समितिको मितिः २०७७।०६।२८ गते, (तदनुसार १४, अक्टुबर २०२०) ८० औं बैठकको निर्णय बमोजिम कम्पनीको पाँचौं वार्षिक साधारण सभा (Virtual Zoom Meeting) मार्फत सहभागि हुन सक्ने गरी निम्न मिति, स्थान र समयमा तल लेखिएका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभवहरूको जानकारी तथा उपस्थितीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समयः**

सभा हुने मिति : २०७७ साल कार्तिक २४ गते, तदनुसार (९ नोभेम्बर २०२०) सोमबार ।
सभा शुरू हुने समयः विहान ११:०० बजे ।
स्थान : कम्पनीको कर्पोरेट कार्यालय, अनामनगरको सभाहल, काठमाडौं ।

(विश्वभर फैलिएको कोभिड–१९ महामारिको जोखिमका कारण नेपाल सरकारद्वारा तोकिएको स्वास्थ्य सुरक्षा सम्बन्धि सबै मापदण्ड पालना गरी साधारण सभामा भिडियो कन्फ्रेन्स मार्फत सहभागी हुन शेयरधनीमहानुभावहरूलाई Zoom ID/Passcode उपलब्ध गराउने व्यवस्था गरिएको छ)

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरुः**

**प्रस्तावहरु:**

१) कम्पनी संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७६।०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको बार्षिक प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७६।०७७ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले.प. सम्बन्धि अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनीको आ. व. २०७७।०७८ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरीक्षक श्री सुभाष एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स् पूनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

४) कम्पनी संचालक समितिले निर्णय गरी प्रस्ताव गरे बमोजिम शेयरधनीहरू लाई आ. व. २०७६।०७७ को मुनाफा रकम समेतबाट चुक्ता पूँजी रू. ४ अर्व ४० करोडको २४.२१ (चौविस दशमलव दुई एक) प्रतिशतका दरले हुन आउने (लाभाँस रकममा लाग्ने कर सहित) रू. १०६,५२,४०,०००। अक्षेरुपी (एक अर्व छ करोड बाउन्न लाख चालिस हजार रुपैयाँ) मात्र नगद लाभाँस वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५) कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्थासंग कम्पनीले गरेको कारोवार छलफल गरी पारित गर्ने ।

६) कम्पनीले आफ्नो उद्देश्य एवं परियोजना बमोजिमका कार्यहरूका लागि कम्पनीको चुक्ता पूँजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरूबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

७) विविध ।

सञ्चालक समितिको आज्ञाले,
(लेखनाथ अर्याल)
कम्पनी सचिव

## साधारण सभा सम्बन्धि अन्य जानकारी

१) सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा साधारण सभाको सूचना र वार्षिक प्रतिवेदन पुस्तिका पठाइने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा संस्थाको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं र बाट प्राप्त गर्न सक्नुहुनेछ । साथै सो सम्बन्धि सूचना र वार्षिक प्रतिवेदन यस कम्पनीको वेबसाइट www.shivamcement.com मा समेत उपलब्ध गराइएको छ ।

२) भिडियो कन्फ्रेन्स मार्फत आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरूले info@shivamcement.com मा इमेल गरी वा ०१–५७०६८०४ मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ । भिडियो कन्फ्रेन्स मार्फत उपस्थित हुने शेयरधनीहरूलाई Meeting ID/ Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईनेछ ।

३) सभा शुरू हुनुभन्दा १ घण्टा अगाडिबाट भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) खुल्ला गरिनेछ । उक्त १ घण्टाको समयभित्र सभामा सहभागी हुने शेयरधनीहरूले दिइएको Zoom ID / Passcode को माध्यमबाट Zoom Login गरी आफनो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितको जानकारी सभालाई दिनु पर्नेछ । शेयरधनी महानुभावहरूले Chat Box बाट समेत आफ्नो परिचय, डिम्याट खाता नं र शेयर कित्ता सहितको जानकारी गराई उपस्थिति यकिन गराउन सक्नु हुनेछ ।

४) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी फारम) भरी कम्पनीको कर्पोरेट कार्यालय, काठमाडौंमा सभा शुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् २०७७।०७।२२ गते बिहान ११:०० बजे भित्र इमेल मार्फत दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति शेयरधनी हुनु अनिवार्य छ ।

५) नावालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट यस कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन प्रतिनिधि तोक्न पाउनेछन् ।

६) संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनु हुनेछ ।

७) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै सोको सूचना कम्पनीको कर्पोरेट कार्यालय, अनामनगर काठमाडौंमा इमेल मार्फत दर्ता गरीसक्नुपर्नेछ । अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

८) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा/गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुने छ । त्यसपछि आउने प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ ।

९) छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण छलफल गर्नु पर्ने भए ईच्छुक शेयधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु हुन अनुरोध छ । उक्त विषय छलफलमा समावेश गरिए पनि निर्णयको रूपमा रहने छैन ।

१०) बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७७।०७।१३ गते एक दिन मात्र शेयर दाखिला खारेज कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७७।०७।१२ सम्म कायम रहेका शेयरधनीहरूले मात्र सो सभामा भाग लिन, र नगद लाभाँस प्राप्त गर्न सक्नु हुनेछ ।

११) शेयरधनीहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रूपले उत्तर दिइनेछ ।

१२) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आँउदा झोला, व्याग जस्ता बस्तुहरू नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

१३) कोभिड १९ को कारण पर्न सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नु पर्ने भनि तोकिएका स्वास्थ्य तथा सुरक्षा सम्बन्धि सम्पूर्ण मापदण्ड र सुरक्षात्मक उपायहरू अवलम्बन गरी सभा संचालनको प्रबन्ध मिलाइएको छ । साथै कम्पनीका शेयरधनी महानुभावहरूले यस सभामा अनलाईन मार्फत समेत सहभागिता जनाउन सक्नु हुनेछ ।

१४) अन्य जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नम्बर ०१–५७०६८०४) मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

शिवम्
सिमेन्ट